# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०७।०७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

बालज्योति मा.वि. बिसनपुर कपिलवस्तुका प्रधानाध्यापक रबिन्द्रप्रसाद मौर्यले शिक्षक नियुक्तिमा सहजीकरण गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग रू ४०,०००/- घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज प्रधानाध्यापक रबिन्द्रप्रसाद मौर्यलाई सेवाग्राहीसँग रु.४०,०००।-(चालीस हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नं. ५ चन्द्रौटा स्थित न्यु सिद्धार्थ होटल गेष्ट हाउसबाट रंगेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा श्री बाल ज्योति माध्यमिक बिद्यालय विशुनपुर कपिलवस्तुका प्रधानाध्यापक रबिन्द्रप्रसाद मौर्य र कार्यालय सहयोगी रामकुमार लोनियाले बिद्यालयको बिज्ञान बिषयको माध्यमिक तहको शिक्षकको परिक्षामा उत्तिर्ण गराई दिने भनी घुस/रिसवत लिएको देखिदाँ उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निज प्रतिवादीहरुलाई बिगो रु. ४०,०००।— (चालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिम सजायको मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला